बैठक संख्या: १४

आज मिति २०८१ साल असाढ २३ गते विहान ९:३० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौ | |

प्रस्तावहरु :

१. कन्ट्रोल प्वाइन्टको प्रतिवेदन सम्बन्धमा ।

२. नदीजन्य पदार्थको उत्खनन् वापतको ढुवानी रकम सम्बन्धमा ।

३. विविध ।

निर्णय नं. १

- यस नगरपालिकाको कन्ट्रोल प्वाइन्टको प्रतिवेदन निर्माण गर्नको लागि श्री जेनिथ वि.पी इन्जिनियरिङ्ग कन्सल्टेन्सी, बर्दघाट-४ नवलपरासीसंग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिइएको मस्यौदा प्रतिवेदन अनुमोदन गर्ने ।

निर्णय नं २

- चुरे पर्वतबाट सुरु भई नगरपालिकाका विभिन्न खोलाहुँदै बग्ने खहरे खोलाहरुमा नदीजन्य पदार्थका कारण खोलाको सतह माथि भई बाढी आउने क्रममा पानी वस्तीभित्र गई जमिन कटान हुँदा बस्ती डुवानमा परि ठूलो धनजनको क्षतिहुँदै आएको, विगतदेखिको उल्लिखित समस्याप्रति सम्बन्धित निकायको उदासिनता, कटानले सृजना गर्ने त्रासलाई हटाउन जनप्रतिनिधिबाट उल्लिखित परिदृश्य र भारी वर्षा हुने सम्भावनाको पूर्व आंकलन गरी सम्भावित खोला कटान हुन नदिई जनधनको क्षति कम गर्ने उद्धेश्यले यस नगरपालिका अन्तर्गत पर्ने विभिन्न खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) भएका मध्ये खजुरा खोला वाहेक अन्य सबै खोला वन क्षेत्रभित्र पर्ने देखिएकोले देहायका खोलाहरुमा स्टक रहेको नदीजन्य पदार्थको व्यवस्थापन गर्न खोलावाट नदीजन्य पदार्थ उत्खनन् गर्दा दैनिक रुपमा उत्खन्न गर्न पाउने IEE ले तोकेको परीमाणभन्दा वढी उत्खनन् नगर्ने गरी आवश्यक्ता अनुसारका नविनतम् प्रविधिका प्रयोग गरी उत्खन्न गरिएका निर्माणमुखी सामाग्रीहरु विकास निर्माणमा लगाउदा एकातर्फ खोलाको सतह नियन्त्रीत हुने र अर्कोतर्फ स्थानीय बाटो घाटो स्तरीकरणमा प्रयोग गर्दा स्थानीय रुपमा साना-ठूला योजनाहरु सम्पन्न गर्न सहज हुने महसुस गरी खोलाबाट नदीजन्य पदार्थको आवश्यक व्यवस्थापन गर्दा लागेको ढुवानी खर्च रु १,२५,०००/- (रुपैया एक लाख पच्चिस हजार मात्र) रकम भुक्तानी दिने।

निर्णय नं. ३

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१) मर्मत सम्भार कोष शीर्षकमा (ब.सि.नं १९२) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र) रकम मध्ये तत्काल आवजतजावत गर्न कठिनाइ भई समुदायबाट माग भई आएको देहायको सडक मर्मत गर्न देहायवमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | चिसापानी-मझौनी सडकको खाल्डाखुल्डी पुर्ने कार्य | २ | ५०,०००.० | समुदायको माग वमोजिम | |
| २ | मझौनीमा खाल्डा खुल्डी पुर्ने कार्य | १३ | २५,०००.० | समुदायको माग वमोजिम | |

ख)चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१) विपद् व्यवस्थापन कोष शीर्षकमा (ब.सि.नं १९४) मा छुट्टाईएको बजेट रु २५,००,०००।- (रुपैया पच्चिस लाख मात्र) रकम मध्येबाट यस बर्षको हावाहुरीले घरको छाना उडाएका, अविरल वर्षाका कारण नोक्सान पुर्याएका व्यक्तिहरुलाई देहाय वमोजिम रकम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | विपन्न समुदायलाई त्रिपाल खरिद तथा वितरण गर्ने कार्य | नपा | १५,०००.० | समुदायको माग वमोजिम | |

निर्णय नं ४ विविध ।

- यस बर्दघाट नगरपालिका वडा नं ४ अन्तर्गत बसपार्कमा अवस्थित सार्वजनिक शौचालय अत्यन्त जीर्ण भई प्रयोग विहिन अवस्थामा रहेको तथा सम्भावित क्षति रोक्न प्राविधिक प्रतिवेदनका आधारमा भत्काउने र पुनःप्रयोग हुन सक्ने सामाग्रीहरु कार्यालयमा ल्याई सुरक्षित गर्ने ।